४८०

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त किरणकुमार पोखरेल

## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

**मु.नं. ३१०/२०७२/०७३**

**निर्णय नं.५२**

रौतहट जिल्ला पचरुखी गा.वि.स. वडा नं. ८ हाल गौर नगरपालिका वडा नं. ४ बस्ने वर्ष ४४ को शैलेन्द्र झा ..........................................................................................................१ पुनरावेदक

**विरुद्ध**

अध्यक्ष, अभियान नेपाल, तेजापाकड, रौतहट ..........................................................................१ विपक्षी

सूचना अधिकारी, अभियान नेपाल, तेजापाकड, रौतहट ..........................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

रौतहट जिल्ला पचरुखी गा.वि.स. वडा नं. ८ हाल गौर नगरपालिका वडा नं. ४ बस्ने वर्ष ४४ को शैलेन्द्र झाले रौतहट नेपाल, तेजापाकड, रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०५।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी रौतहट नेपाल, तेजापाकड, रौतहटका अध्यक्ष र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. अभियान नेपाल नामक संस्थाले स्थापना कालदेखि हालसम्म कुन कुन निकायबाट कति रकम लिई कुन कुन गा.वि.स. मा कुन कार्यक्रम संचालन गरेको छ सो को विवरण र अभियान नेपालको प्रशासननिक खर्च अलग अलग शीर्षकमा के कति खर्च भएको छ सो को विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम् ।